लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुंडे, नुवाकोट

३ नं. प्रदेश, नेपाल

प.स.

च.नं.

मितिः २०७५।११।२२

**लिखु गाउँपालिका भित्रका व्यवसायीहरुलाई व्यवसाय दर्ता गर्ने सम्बन्धी सूचना**

**स्थानीय सरकार सन्चालन ऐन, २०७४** को दफा ५८ एवं लिखु गाउँपालिकाको **व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि, २०७५** को दफा ४ बमोजिम यस लिखु गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय सन्चालन गर्ने व्यवसायीहरुको व्यवसाय दर्ता गरी सूचीकृत गर्ने र लिखु गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले तोके बमोजिम करको दायरामा ल्याउने प्रयोजनको लागि यस गाउँपालिकामा व्यवसाय दर्ता गर्न चाहने व्यवसायीहरुले सोही कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा देहायका विवरण खुलाई आवश्यक कागजात सहित निवेदन दिनुपर्ने र निवेदन प्राप्त भए पश्चात् कार्यालयबाट आवश्यक जाँचबुझ गरी अनुसूची ३ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र प्रदान गरीने भएकोले यो सूचना प्रकाशित मितिले ३० तीस दिन भित्र निवेदन पेश गरी व्यवसाय दर्ताको प्रमाणपत्र लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्बन्धी अन्य जानकारीको लागि गाउँकार्यपालिकाको कार्यालय, लिखुमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

क) व्यवसायको नाम

ख) व्यवसाय रहने ठेगाना

ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा

घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु, सेवा तथा कामको विवरण

ङ) स्थीर पूंजीगत लगानी

च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम

छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम

ज) समय समयमा गाउँपालिकाले तोकिदिएको अन्य विवरणहरु

झ) व्यवसायीको नागरिकताको प्रतिलिपी

ञ) अन्यत्र व्यवसाय दर्ता, इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत पत्र, दर्ता प्रमाणपत्र नम्बर

(सुरज अर्याल)

प्रमुख प्रशासकीय अधिकृत